आज मिति २०८२/०२/३० गते शुक्रबारको दिन जिल्ला सभाका अध्यक्ष एवं जिल्ला समन्वय समिति, तनहुँका प्रमुख श्री शन्तीरमण वाग्लेज्यूको अध्यक्षतामा देहायका जिल्ला सभा सदस्यहरु तथा आमन्त्रित सहभागीहरुको उपस्थितिमा जिल्ला सभाको विशेष (१४ औं) बैठक बसी देहायबमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| | | | | |
|---|---|---|---|---|
| [हस्ताक्षर] | श्री शान्तीरमण वाग्ले | प्रमुख, | जि.स.स. | (अध्यक्ष) |
| [हस्ताक्षर] | श्री बैकुण्ठ नाथ न्यौपाने | प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री आनन्द राज त्रिपाठी | प्रमुख, | भानु न.पा. | (सदस्य) |
| — | श्री कृष्ण राज पण्डित | प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री दधि राज सुवेदी | प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री राजेन्द्रकृष्ण श्रेष्ठ | अध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री श्रीप्रसाद श्रेष्ठ | अध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री शुक्र चुमान | अध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री सुरेन्द्र बहादुर थापा | अध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री होम बहादुर थापा | अध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री तिल बहादुर थापा | अध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री इन्दिरा दरै | उप-प्रमुख, | व्यास न.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री उमा गोतामे | उप-प्रमुख, | भानु न.पा. | (सदस्य) |
| — | श्री खुम बहादुर वि.क. | उप-प्रमुख, | शुक्लागण्डकी न.पा. | (सदस्य) |
| — | श्री शारदा खनाल | उप-प्रमुख, | भिमाद न.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री गिनु माया थापा | उपाध्यक्ष, | ऋषिङ गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री बाल कृष्ण घिमिरे | उपाध्यक्ष, | म्याग्दे गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री दुर्गा अर्याल | उपाध्यक्ष, | आँबुखैरेनी गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री पञ्च माया गुरुङ | उपाध्यक्ष, | बन्दिपुर गा.पा. | (सदस्य) |
| — | श्री राधा देवी अधिकारी | उपाध्यक्ष, | घिरिङ गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री भुवन सिं गुरुङ | उपाध्यक्ष, | देवघाट गा.पा. | (सदस्य) |
| [हस्ताक्षर] | श्री प्रकाशराज पौडेल | जि.स.अ., | जि.स.स.का. | (सचिव) |

**उपस्थित सदस्यहरु :**

| | | | |
|---|---|---|---|
| | श्री बासुदेव थापा | उप-प्रमुख, | जि.स.स., तनहुँ |
| | श्री चिरञ्जिबी ढकाल | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री नेत्र गुरुङ | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री खिमलाल भण्डारी | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री डोल बहादुर सुनार | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री पान कुमारी खाँण | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री लक्ष्मी गुरुङ | सदस्य, | जि.स.स., तनहुँ |
| | श्री तिला देवी राना आले | सदस्य, | जि.स.स., तनहुँ |

**निर्णय नं. १**

प्रदेश अस्पताल, दमौली, तनहुँको च.नं. १८१३, मिति २०८२/०१/२८ को पत्र तथा च.नं. २०३८, मिति २०८२/०२/२८ को पत्रबाट जिल्ला समन्वय समिति / जिल्ला सभा, तनहुँको नाममा रहेको जग्गा उपयोगका लागि माग भएको व्यहोरा सम्बन्धमा आजको बैठकमा छलफल भयो । सो सम्बन्धमा छलफल हुँदा प्रदेश अस्पताल, दमौली, तनहुँलाई स्तरोन्नती गर्न आवश्यक भएको र स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७७ बमोजिम स्तरोन्नतीका लागि उक्त अस्पताललाई थप जग्गाको आवश्यकता रहेको र जिल्ला विकास समिति, तनहुँको मिति २०५२/११/०९ को बैठकबाट उक्त जग्गा यस अघि नै तत्कालीन प्राथमिक स्वास्थ्य केन्द्र दमौली, तनहुँलाई दिने निर्णय समेत भएको एवं जिल्ला सभा / जिल्ला समन्वय समिति, तनहुँको नाममा रहेको साविक फराकचौर ९/ट, हाल व्यास नगरपालिका वडा नं. ३ स्थित कि.नं. १७, क्षेत्रफल ८-०-०-० रोपनीको पुरै जग्गा प्रदेश अस्पताल, दमौली, तनहुँलाई उपलब्ध गराउँदा जिल्ला सभा / जिल्ला समन्वय समिति, तनहुँको आफ्नो सेवा प्रवाहमा कुनै बाधा नपर्ने हुँदा उक्त साविक फराकचौर ९/ट, हाल व्यास न.पा. – ३ स्थित कि.नं. १७, क्षेत्रफल ८-०-०-० रोपनीको पुरै जग्गा जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड, २०७८ एवं सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम हुनेगरी प्रदेश अस्पताल, दमौली, तनहुँलाई उपयोगका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिमको विविध खातामा जिल्ला समन्वय समितिको कार्यालय, तनहुँबाट विगत आ.व.हरु (आ.व. २०७५/०७६ देखि आ.व. २०७९/८० सम्म) यस जिल्ला समन्वय समितिबाट लगाईएका सटर भाडा र अन्य हल भाडा बापत्को आय राजश्व रकम दाखिला आम्दानी गरी जि.स.स.को मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ को दफा ४ बमोजिमको आयोजनाहरूमा सोही निर्देशिकाको दफा ३, ५, ६, ७, ८ र ९ बमोजिमका प्रक्रिया पुरा गर्ने गरी जिल्ला समन्वय समिति र जिल्लाका १० वटा पालिकाहरू सँगको लागत साझेदारीमा अनुदान उपलब्ध गराउने गरी तनहुँ जिल्लाका पालिकाहरूलाई उपलब्ध गराउँदै आईएकोमा महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौंबाट आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा जिल्ला समन्वय समितिको कार्यालय, तनहुँबाट आ.व. २०७९/८० र २०८०/८१ मा भएका आर्थिक कारोबारहरु र आर्थिक विवरणहरुको अन्तिम लेखा परीक्षणबाट करिब रु ३,४०,१८,७६९।०० (तीन करोड चालीस लाख अठार हजार सात सय उनान्साठी रुपैयाँ मात्र) केन्द्रीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने गरी अशुल उपर गर्नुपर्ने बेरुजू औंल्याईएको साथै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन समन्वय शाखा, सिंहदरबार, काठमाडौंको प.सं. ०८०/८१, च.नं. १८, मिति २०८०/०६/०२ को पत्रानुसार जिल्ला समन्वय समितिमा प्राप्त हुने सम्पूर्ण आय / राजश्व तत्काल (तदारुकताकासाथ) दाखिला आम्दानी गर्नु गराउनु हुन भन्ने प्राप्त पत्रको सम्बन्धमा आजको विशेष बैठकमा विस्तृत र गहन रुपमा छलफल भयो । सो सम्बन्धमा नेपालको संविधान, २०७२ बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जिल्ला सभा पनि एक स्थानीय तह भएको, जिल्ला सभाबाट हुने सम्पूर्ण निर्णय र काम कार्यबाही जिल्ला समन्वय समितिबाट हुने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको र जिल्ला सभाले पनि जिल्ला सभाको निर्णय बमोजिम सटर भाडा, हल भाडा र यस्तै अन्य आम्दानी उठाई जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिमको विविध खातामा आम्दानी बाँधी सोही निर्देशिका बमोजिम लागत साझेदारीमा जिल्लाको समग्र विकास निर्माणमा खर्च गर्न पालिकाहरूलाई अनुदान उपलब्ध गराउन सक्ने कुरालाई दृष्टिगत गरी जिल्ला समन्वय समिति आँफैले आर्जन गरेका जुनसुकै राजश्व जिल्ला सभाले निर्णय गरी जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिमका आयोजनाहरूमा अनुदान उपलब्ध गराउने सम्बन्धमा नीतिगत निर्णयका लागि वा जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ संशोधनका लागि नेपाल सरकार अन्तरगतको सरोकारवाला केन्द्रीय निकाय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै जिल्ला समन्वय समितिको मौज्दात कोषमा राजश्व आम्दानी भएको जिल्ला समन्वय समितिको आफ्नो आन्तरिक राजश्व आम्दानी जिल्ला सभाको निर्णय बमोजिम जिल्लाका पालिकाहरूको विकास निर्माणको लागि बाँडफाँट गरी नियमानुसार खर्च गर्न पाउने गरी कानुन निर्माण गरिदिन गण्डकी प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

२०८२/२/३०

**निर्णय नं. ३**
तनहुँ जिल्लाको सन्तुलित विकासको लागि योजना तथा कार्यक्रमको छनौट एवं तर्जुमा गर्ने सन्दर्भमा हरेक आर्थिक बर्षमा संघिय सरकारबाट र प्रदेश सरकारबाट बजेट, नीति तथा कार्यक्रम प्रस्तुत हुनु अगावै हरेक आ.व.को चैत्र महिना भित्र कम्तिमा एकपटक जिल्ला समन्वय समिति, तनहुँको समन्वयमा तनहुँ जिल्लाबाट संघिय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरू, गण्डकी प्रदेश सभाका माननीय प्रदेश सभा सदस्यज्यूहरु र जिल्लाका सबै स्थानीय तहका प्रमुखज्यूहरुलाई आमन्त्रण गरि समन्वयात्मक छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
जिल्ला समन्वय समिति, तनहँबाट जिल्लाका सबै स्थानीय तहहरुबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरुको, सेवा प्रवाह, योजना छनौट एवं तर्जुमा, नदिजन्य पदार्थ उत्खनन्, सङ्कलन, बिक्री तथा व्यवस्थापन, राजश्व सङ्कलन, पालिकाहरुबीचको समन्वय, सहकार्य र साझेदारी, पालिका र विषयगत कार्यालयहरुबीचको समन्वय र साझेदारी, पालिकाहरुबाट भएका अनुकरणीय असल अभ्यासका कार्यहरुको र पालिकाहरुमा भएका समस्याहरुको बारेमा सक्रिय रुपमा स्थलगत अनुगमन, निरीक्षण गरी पालिकाहरुलाई सुझाव एवं पृष्ठपोषण दिन जिल्ला समन्वय समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**
तनहुँ जिल्लामा अन्तरपालिका साझेदारी गरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न अति उपयुक्त देखिने हुँदा र समग्र तनहुँ जिल्लाको विकास निर्माणमा समेत अन्तरपालिका साझेदारी कार्यक्रमको महत्वपूर्ण भूमिका हुने भएको हुँदा र अन्तरपालिका साझेदारी कार्यक्रमबाट नमूना योग्य (अनुकरणीय) असल अभ्यासका कार्यहरु समेत हुने भएकोले तनहुँ जिल्लाका सबै पालिकाहरुले आगामी आ.व. २०८२/८३ को सहभागितात्मक बार्षिक गाउँ / नगर कार्यक्रम छनौट एवं तर्जुमा गर्दा अन्तरपालिका साझेदारी आयोजना तथा कार्यक्रम छनौट एवं तर्जुमा गरी गाउँ / नगर सभाबाट स्वीकृत गरी सञ्चालन एवं कार्यान्वयन गर्न सबै पालिकाहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

~ * ~